# भरतपुर महानगरपालिकाको विषयगत पत्रकारिता लेखनवृत्ति आह्वान सम्बन्धी जरूरी सूचना

भरतपुर महानगरको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत पत्रकार फेलोसिप कार्यक्रम रहेकाले महानगरका तपसिलमा उल्लेखित विषयमा खोजमूलक तथा अन्वेषणात्मक लेख रचना लेखनको लागि यो सूचना प्रकाशित गरिएको छ । नेपाल पत्रकार महासंघ चितवन शाखाको समेत सहकार्यमा सञ्चालन हुने यस कार्यक्रममा भाग लिन इच्छुक महानुभावहरूले २०८० जेठ १८ गतेभित्र महानगरपालिकाको सूचना तथा प्रविधि शाखा वा नेपाल पत्रकार महासंघ चितवन शाखामा सम्पर्क गरी तोकिएको ढाँचामा दर्खास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

## लेखनवृत्ति सम्बन्धी आधारभूत जानकारीहरू

१) आवेदन आव्हान भएको मितिले ७ दिनभित्र इच्छुक पत्रकार/लेखक/अन्वेषणकर्ता/ अनुसन्धानदाताले व्यक्तिगत वा समूहगतरूपमा आफूले अध्ययन गरी लेख्न चाहेको भरतपुर महानगरपालिका क्षेत्रभित्रका तपसिलमा उल्लेखित विषय खुलाई महानगरपालिकामा निवेदन दिनुपर्नेछ । प्राप्त निवेदनउपर छानविन गरी महानगरपालिकाको सम्पादन समितिको निर्णयबमोजिम प्रस्ताव स्वीकृत गरिनेछ ।

२) लेखनवृत्ति प्राप्त गर्ने पत्रकारहरूको अन्तिम नामावली प्रकाशन गरेपश्चात विषयवस्तुको मस्यौदा २०८० असार १० गतेभित्र पेश गरिसक्नु पर्नेछ । लेख नेपाली वा अंग्रेजीमा टाइप गरी महानगरपालिकाको सूचना तथा प्रविधि शाखा info@bharatpurmun.gov.np मा पेश गर्नुपर्नेछ ।

३) प्राप्त लेख स्वीकृत गर्ने-नगर्ने सम्पूर्ण अधिकार महानगरपालिकामा सुरक्षित रहनेछ ।

४) छनौट हुने सम्पादित सामाग्रीको शब्दको संख्या (न्यूनतम् २०००), लेखन संरचना, भाषाशैली, तथ्य तथ्याङ्कको प्रयोग, लेखन बिषयको औचित्यता, प्रभावकारीता, स्तरीयताजस्ता समग्र मूल्याङ्कनको आधारमा ५० जनालाई प्रतिलेखन बढीमा रू २०,०००।०० (बीस हजार) रूपैयाँसम्म लेखनवृत्ति/फेलोसिप (पारिश्रमिक) उपलब्ध गराइनेछ ।

५) स्वीकृत लेखरचना प्रकाशनबारे पछि निर्णय भएबमोजिम हुनेछ ।

## विषयगत पत्रकारिता लेखनवृत्ति/फेलोसिप लेखनका विषयहरू

भरतपुर महानगरपालिका क्षेत्रभित्रको शिक्षा, स्वास्थ्य ,पर्यटन, उद्योग, अर्थ, वाणिज्य, राजस्व, सेवाप्रवाह, सुशासन, सार्वजनिक निजी साझेदारी, महिला, बाललालिका, ज्येष्ठ नागरिक, सिर्जनशीलता र उद्यमशीलता, सूचना प्रविधिको प्रयोग उपयोग-दुरूपयोग, कृषि प्रणाली, कुनै पनि क्षेत्रमा भएका नवप्रवर्तनका विषयहरू, जलश्रोत, वन तथा वातावरण, हरियाली प्रवर्द्धन, फोहर व्यवस्थापन, विपद् व्यवस्थापन तथा जोखिम न्युनीकरण, जलवायु परिवर्तनले पारेको प्रभाव र असर, दिगो विकास, संघीय संरचना र सोको सकारात्मक, नकारात्मक प्रभाव, विकासको परिवर्तनले अल्पसंख्यक, सिमान्तकृत तथा अति सिमान्तकृत जनजातिहरूको जीवनशैलीमा ल्याएको समस्या, चुनौती र अवसर ,भाषा-साहित्य, कला-संस्कृति, ऐतिहासिक-पुरातात्त्विक, लोपोन्मुख विषयवस्तुहरू, परम्परागत ज्ञानले समाजलाई प्रदान गरेको आधुनिक शिक्षा, जलस्रोत, कृषि, कानुन, पत्रकारिता वा एक अर्कासँग अन्तरसम्बन्धित विषय, सन्तुलित विकास, समावेशी विकास, वैदेशिक रोजगारले पारेको प्रभाव, मानवीय मूल्य मान्यता र परोपकारका क्षेत्रमा भए गरेका कामकारवाहीहरू लगायतका विषय आदि ।

**थप जानकारी तथा समन्वयको लागि**
सूचना तथा प्रविधि अधिकृत श्री मेनका पण्डित , मोबाइल ९८५५०९२२०१
**भरतपुर महानगरपालिका कार्यालय,**
ईमेल menakapandit@gmail.com